ISSN : 0976-1640 ABHIJNAN
जनवरी - जुन २०१०

# अभिज्ञान

शोधमूलक अर्द्धवार्षिक

नेपाली विभाग
उत्तरबङ्ग विश्वविद्यालय

# अभिज्ञान

## नेपाली अर्द्धवार्षिक शोधपत्रिका

वर्ष : १ जनवरी - जुन २०१० अङ्क : १

सम्पादक

**घनश्याम नेपाल**

विभागाध्यक्ष

**नेपाली विभाग**

उत्तर बङ्गाल विश्वविद्यालय

# विषय सूची


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | | क |
| २. | सिक्किममा लेप्चा भाषा | बलराम पाण्डे | १ |
| ३. | ऋतुविचार खण्डकाव्यमा प्रकृति-परिवेश | देवचन्द्र सुब्बा | ३१ |
| ४. | सानु लामाको 'कथा सम्पद्' कथा सङ्ग्रहका नारी पात्र | सविता तामाङ | ४५ |
| ५. | डुवर्स क्षेत्रमा बोलिने नेपाली भाषाको स्वरूप | विक्रम राई | ५३ |
| ६. | इन्द्रबहादुर राईको 'त्यसरी बाँचेको छः त्यसरी नै' कथाको सङ्केतपरक पठन | वासुदेव पुलामी | ६७ |
| ७. | लोकप्रिय संस्कृति | योगेश पन्त | ७७ |

देवचन्द्र सुब्बा

# ऋतुविचार खण्डकाव्यमा प्रकृति-परिवेश

पृथ्वीको दिव्य सौन्दर्य नअटायेर पट्ट भै।
फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै?।।

प्रकृति र पर्यावरण-प्रदूषण आज विश्वव्यापी चिन्ताको विषय भएको छ। ज्ञानका विभिन्न क्षेत्रमा जस्तै साहित्यका अध्येताहरु पनि यस समस्याप्रति गम्भीर छन्। यसको परिणामस्वरूप विगत शताब्दीको उत्तरार्द्धमा पश्चिमबाट विकसित परिवेश-विमर्श समकालीन साहित्य-अध्ययनको एउटा मुख्य आधार बनेको छ। देवचन्द्र सुब्बाको यस लेखमा नेपाली साहित्यमा पर्यावरण सचेतताको विकासको सन्दर्भ झिक्तै लेखनाथ पौड्यालको **ऋतुविचार**मा अन्तर्निहित परिवेश-विमर्शको विश्लेषणात्मक समीक्षा गरिएको छ। देवचन्द्र सुब्बा हाल उत्तर बङ्ग विश्वविद्यालयको दूरशिक्षा निदेशालयमा नेपाली विषयका उपप्राध्यापकको पदमा कार्यरत छन्।

## १. लेखनाथ पौड्यालको संक्षिप्त परिचय

सन् १८८४ (वि. सं. १९४१) पौष शुक्ल पक्ष एकादशीका दिन पं. दुर्गादत्त र बसुन्धरा देवीका कोखबाट पश्चिम ३ नम्बर कास्की, पोखरामा लेखनाथ पौड्यालको जन्म भएको हो। नेपाली साहित्यमा ६ दशकसम्म आफ्नो योगदान दिएर सन् १९६५ (वि. सं. २०२२) बयास्सी वर्षको उमेरमा आफ्नो इहलीला समाप्त गरे। पुरानै संस्कारअनुसार प्रारम्भिक शिक्षा घरैमा लिएका लेखनाथले पन्ध्र वर्षको उमेरमा काठमाडौं रानीपोखरी तीनधारा संस्कृत छात्रावासमा भर्ना भई संस्कृतको अध्ययन गर्न थाले। तात्कालिक शैक्षिक व्यवस्थाअनुसार मध्यमा परीक्षा दिन बनारस जानपर्ने हुनाले उनले त्यहाँ गएर मध्यमा परीक्षा उत्तीर्ण गरे।[१] रानीपोखरी तीनधारा संस्कृत छात्रवासमा हुँदादेखि नै उनको कविताभ्यासले विशेष गति लिएको हो भन्ने वासुदेव त्रिपाठीको भनाइ छ।[२] समस्यापूर्तिका माध्यमबाट काव्य-

१. राममणि रिसाल, **नेपाली काव्य र कवि**, काठमाडौं : साझा प्रकाशन, पाँचौं संस्करण, २०५८, पृ. ४३.
२. वासुदेव त्रिपाठी (सम्पा.), **लेखनाथका प्रमुख कविता**, काठमाडौं: साझा प्रकाशन, ते. सं., २०६३, पृ. क।

लेखनको अभ्यास सुरु गर्ने लेखनाथको प्रथम र महत्त्वपूर्ण कविता 'वर्ष-विचार' सन् १९०९ मा **माधवीमा** प्रकाशित भयो। यसअघि **कविकाकल्पद्रुम** सन् १९०५ मा प्रकाशित भएको देखिन्छ। यसका साथै संस्कृतमा गरिएको संस्कृतमा गरिएको सम्यापूर्ति 'पाठशाला विशाला' पनि सुरक्षित उपलब्ध छ भन्ने समालोचक वासुदेव त्रिपाठीको भनाइ छ।[३] त्रिपाठीअनुसार लेखनाथका प्रथम प्रकाशित नेपाली कविताहरू 'शृङ्गारपच्चीसी' अनि 'मानसाकर्षिणी' हुन्। लेखनाथका प्रारम्भिक चरणका कविताहरू तत्कालीन नेपाली साहित्यमा व्याप्त शृङ्गारिक प्रवृत्तिले प्रभावित भएको देखिन्छन्। तर उनको मौलिक कविताधाराको मूल प्रवर्तन भने **माधवी** पत्रिकाका माध्यमबाट भएको हो। सन् १९५१ मा कविशिरोमणी पदवीद्वारा विभूषित र त्यसको लगत्तै तीन वर्षपछि सन् १९५४ मा विराट् रथयात्राद्वारा अभिनन्दित हुने लेखनाथ नेपाली साहित्यका कविमहर्षि हुन्।

क्षणिक भौतिक सुख-विलास नै दुःखको कारण हो अनि त्यसै भोग-विलासका मदले मानवीय मूल्यहरू निस्सार हुँदैगएका रहस्यहरू उनका कविताका साझा सन्देशहरू हुन्। अज्ञान, निरक्षर अनि ज्ञानशून्य नेपाली समाजलाई नैतिकता अनि सांस्कृतिक जागरुकताको सन्देश उनले आफ्ना प्रत्येक कविताका श्लोकहरूमा दिएका छन्। लेखनाथका काव्य-कृतिहरू यसप्रकार छन् - **ऋतुविचार** (सन् १९१६/१९३५), **बुद्धिविनोद** (सन् १९१६/१९३७), **भतृहरि निर्वेद** नाटक (सन् १९१५), **पञ्चतन्त्र** अनुवाद (सन् १९२७), **लक्ष्मी पूजा** नाटक (सन् १९३७), **सत्यकलि संवाद** (सन् १९३९), **तरुण तपसी** (सन् १९५३), **लालित्य**(भाग १), **लालित्य** (भाग २), **मेरो राम** (सन् १९५४), **गंगा-गौरी** (अपूर्ण महाकाव्यय) तथा **अभिज्ञान शाकुन्तल** अनुवाद (सन् १९५८), **गीतासार**, **सप्तस्मृति**, **त्याग** र **उदयको प्रकाश**, **गीताञ्जलि** आदि।

## २. प्रकृति परिवेश

विधिको अकृत्रिम अनुपम सिर्जना, सम्वेदनशील अनि हरियालीयुक्त वन-जङ्गल, पशु-पक्षी, कीट-पतङ्ग, खोला-नाला, पहाड-कन्दरा, समतल, मरुभूमि, ऋतुचक्र आदि तथा पृथ्विमा यिनको अस्तित्व, व्यवस्था र सञ्चालन प्रक्रियालाई हामी साधारणतः प्रकृति भन्दछौं। वास्तवमा दृष्टिगोचर वस्तुहरूलाई हामी प्रकृति भन्दछौं। मानव निर्मित वस्तु वा संरचनाबाहेक संसारमा जे जति पनि हामी देख्छौं वा चाल पाउँछौं त्यसको समग्रता नै

---

३. वासुदेव त्रिपाठी (सम्पा.), **लेखनाथका प्रमुख कविता**, पृ. क।

प्रकृति हो। प्रकृति आफैमा पूर्ण र परिवर्तनशील पनि छ। यसमा भइरहेका सूक्ष्म परिवर्तनका एकाइहरुलाई हामी उपेक्षा गरिरहेका हुन्छौं तर यसको परिवर्तनशील संस्कृति नै वास्तविक प्रकृति हो। परिवर्तनशील संस्कृति भन्नाले पारिस्थितिक प्रणाली वा एकाइ बुझिन्छ। वास्तवमा सम्पूर्ण पृथ्वी नै एक वृहत् पारस्थितिक प्रणाली हो र मानवमा पनि यस एकाइको एउटा आवश्यक अङ्ग हो। प्रकृति मानवद्धारा निर्मित कुनै कला वा वस्तु होइन। अत: मानवका लागि प्रकृति एउटा आदर्शको प्रतिरूप हो जसको क्षेत्र अत्यन्तै व्यापक छ। मूलत: प्रकृतिका पाँच तत्त्वहरु आकाश, वायु, अग्नि, जल र पृथ्वीका उचित मात्राकै रासायनिक मिश्रणबाट शरीर अथवा ब्रह्माण्डको रचना भएको कुरा वेद-उपनिषद्‌हरूमा बताइएको छ। यसबाट प्रकृति अनि मानवको निकटतम सम्बन्ध प्रमाणित हुन्छ। प्रकृतिका विविध रूप छन् भने मानवले भिन्न-भिन्नै दृष्टिकोणले प्रकृतिको अवलोकन गर्दै आफ्नो जीवनलाई समृद्ध एवम् सम्पन्न बनाउँदै आइरहेको छ।

प्रकृतिलाई अङ्ग्रेजीमा नेचर भनिन्छ। ल्याटिन भाषाबाट अङ्ग्रेजीमा हुँदैआएको यो नेचर शब्दको अर्थ एसेन्सियल क्वालिटिज अर्थात् आवश्यक तत्त्व वा गुण भन्ने हुन्छ। ल्याटिनमा पनि यो शब्द ग्रिसेली भाषाको फिसिस् शब्दको अनुवाद हो। जसको अर्थ ग्रीसमा वनस्पति, पशु-पक्षी आदिसँगको सम्बन्ध भन्ने बुझिन्छ।[४] प्रकृति भन्नाले त्यस्ता विषय-वस्तु आदिलाई बुझिन्छ जसको निर्माणमा मानिसको कुनै हस्तक्षेप चल्दैन। त्यसैले कृत्रिमताका विपरीत वास्तविकता नै प्रकृति हो अनि प्रकृतिबाट हामीले प्राप्त गर्न सकिने स्वच्छ हावा, पानी, वातावरण आदि नै परिवेश वा पर्यावरण हो।[५] प्राकृतिक अथवा पर्यावरणीय दृष्टिकोणले साहित्यलाई विश्लेषण गर्नु नै परिवेश-विमर्श हो। जसलाई अङ्ग्रेजीमा इकोक्रिटिसिज्म भनिन्छ। पिटर बेरीले यसलाई ग्रिन स्टडिज भनेका छन्।[६] यसको सैद्धान्तिक रूपमा घोषणा चेरिल ग्लटफेल्टीको सन् १९९६-मा प्रकाशित लेख 'दि इकोक्रिटिसिज्म रिडर : ल्यान्डमार्क इन लिटरेरी इकोलोजी'बाट भएको हो। तर इकोक्रिटिसिज्म शब्दकै प्रयोगचाहिँ अमेरिकेली समालोचक विलियम रुएक्रेटले सन् १९७८ मा गरेका थिए भन्ने रिचर्ड् कार्डिजको विचार देखिन्छ।[७] परिवेश-विमर्श उत्तर आधुनिक चेतनाले खोलेको

४. http:\\www.nature.org

५. Alfred North Whitehead, **The concept of Nature**, Cambridge University Press, 1964, p. 2

६. Peter Barry, **Beginning Theory an introduction to literary and cultural theory**, Manchester UNiversity Press, Oxford Road, M13 9NR UK, 2008, p 248,

७. Richard Kerridge, **Environmentalism and ecocriticism in Literary theory and Criticism**, New York : Patricia Wanugh Oxford University Press, 2006, p. 530.

एउटा नवीनतम् पथ हो। यसमा प्रकृति-पर्यावरणको संरक्षण विषयमा प्रकारान्तर रूपले विचार-विमर्श गरिन्छ। समाज, संस्कृति, साहित्य, धर्म, नारी, राजनीति आदिको पर्यावरणसँगको सम्बन्धलाई सूक्ष्मतापूर्वक अवलोकन गरिनाका साथै यी विषयहरूले प्रकृतिलाई कसरी प्रभावित तुल्याइरहेका हुन्छन् अनि प्रतिक्षण पर्यावरणमा भइरहेको परिवर्तनलाई कसरी नियन्त्रण गर्नसकिन्छ भन्ने प्रश्नको उत्तर खोज्नु परिवेश विमर्शको लक्ष्य हो। मूलतः साहित्यमा प्राकृतिक जलवायु वा पर्यावरणको समस्याको प्रतिपादन के कस्तो रूपमा भएको छ भन्ने विषयबारे परिवेश-विमर्शले चर्चा गर्दछ।

### ३. गहन पारिस्थितिकी

प्रकृति अनि पर्यावरण मानवीय समाजको अभिन्न अङ्ग हो अनि यसको सुरक्षाको उत्तरदायित्व मानव समाजले लिनपर्छ। साथै प्रकृति मानव समाजदेखि पृथक छैन भन्ने धारणालाई प्रस्तुत गर्दै सन् १९७३ मा नर्वेली दार्शनिक आर्ने नासेले आफ्नो 'द सेलो एन्ड द डिप लङ रेन्ज इकोलजी मुभमेन्ट' भन्ने लेखमा डिप इकोलजी शब्दको प्रयोग गरेका छन्।[८] जसलाई गहन पारिस्थितिकी भनिएको छ। मूलतः प्रकृति मानव अनि मानवेतर सबै वस्तुका लागि महत्त्वपूर्ण तत्त्व हो। तर यो आधुनिक नागरिक सभ्यताको उच्च जीवन शैलीले यो सत्यलाई धमिल्याइरहेको छ भने अर्कातिर प्रकृतिलाई आफ्नो घर र सभ्यता ठान्ने अफ्रिका अनि अन्य देशहरूका जनजातिले यस सत्यलाई जोगाएर राखेका छन्। तिनीहरूले बाँच्नका लागि प्रकृतिमै आश्रित हुनुपर्दछ। प्राकृतिक वन जङ्गललाई छोडेर सहरको परिवेश वा सभ्यतामा समन्वित हुनु उनीहरूलाई कठिनका साथै प्रायः असम्भव नै हुँदछ। त्यसैले मानवीय समाजका लागि प्रकृति कति अनिवार्य छ सो यस तथ्यबाट अनुमान गर्नसकिन्छ। गहन पारिस्थितिकी, नृकेन्द्री धारणाभन्दा विपरीत र वृहतर चिन्तन हो। यसले प्रकृतिलाई जैवकेन्द्री दृष्टिकोणबाट अवलोकन गर्दछ। मानिस प्रकृतिको अंश हो र प्रकृतिदेखि कदाचित् अलग छैन भन्ने गहन पारिस्थितिकीको केन्द्रीय दर्शन हो। मानिस हरेक कार्य आफैले पूर्ण गरेको ठान्दछ। ऊ सृष्टिका सारा थोकहरू मान्छेको उपभोगकै निम्ति बनेका हुन् भन्ने ठान्दै आफैलाई सर्वस्व अनि महानिरीक्षक मान्दछ। त्यसैले आफैलाई केन्द्रमा राखेर प्रकृति अनि मानवेतर वस्तुलाई किनारीकरण गर्ने नृकेन्द्री प्रवृत्ति र व्याष्टिवाद, उसको वंसानुगत संस्कार बनेको छ। तर प्रकृतिको सहभागिताबिना

---

८. http:\\www.religioandecology.org

कुनै पनि कार्य सुगठित ढङ्गमा सञ्चालन हुन सक्तैन भन्ने सत्यसँग अवगत हुँदाहुँदै पनि मानवले प्रकृतिलाई नियन्त्रण गर्ने असफल प्रयास गरिरहेको छ। अतः प्रकृतिमा अनेकौं विपद् अनि सङ्कटले महाविनाशकारी रूप लिइरहेका छन्। त्यसैले अब प्रकृतिको संरक्षण साथै पर्यावरणलाई सन्तुलित बनाउनका लागि मानवीय सम्वेदना साथै भावनामा परिवर्तन आउनु आवश्यक छ जसका लागि मान्छेले 'म'बाट निस्किएर 'हामी'मा आउने प्रयास गर्नुपर्दछ भन्ने गहन पारिस्थितिकीको मान्यता छ।

गहन पारिस्थितिकीका प्रवक्ताहरूले मान्छे प्रकृतिको अंश हो भन्ने तथ्यलाई निरीक्षण गर्ने दुईवटा दृष्टिकोण अघि राखेका छन्। एक व्यवस्था सिद्धान्त (सिस्टम थियोरी), दोस्रो गेअ अनुकल्पना (गेअ हाइपोथेसिस)।[९] निकाय सिद्धान्तअन्तर्गत पृथ्वीलाई निकायको रूपमा हेरिन्छ यसभित्र पनि अरू थुप्रै व्यवस्थाहरू पूर्ण र स्वतन्त्र रूपले सङ्गठित भएका हुन्छन्। पृथ्वीभित्र अरू निकायहरू स्वतन्त्र रूपले सङ्गठित भए तापनि पृथ्वी स्वयम् भने अर्को वृहत् निकायको अंश मात्रै हो। एउटा कोषिकाभित्र अनेकौं सूक्ष्म कोषिकाहरू हुन्छन् तर कोषिका पनि अर्को वृहत्तर व्यवस्थाभित्रको नाभिक बिन्दु वा केन्द्रकको सानो अंश मात्र हो। अर्थात् एउटा सुन्तलाभित्र भएका केस्राहरू आफैमा पूर्ण हुँदाहुँदै पनि एउटा सिङ्गो सुन्तलाको वृहत्तर एकाइको अंशका रूपमा रहेको हुन्छ। त्यसरी नै मान्छेले पनि विभिन्न व्यवस्थाहरू, जस्तै समाज, साहित्य, संस्कृति आदिलाई लिएर बसेको हुन्छ, तर मान्छे स्वयम् भने प्राकृतिक व्यवस्थाको सानो अंश मात्रै हो। गेअ अनुकल्पनाअन्तर्गत व्यवस्था सिद्धान्तलाई नै अघि बढाएर यस सिद्धान्तलाई ब्रह्माण्डकै सन्दर्भमा प्रयोग गरिन्छ। यसअन्तर्गत प्रकृतिमा भएका सम्पूर्ण अस्तित्व वा सत्ता अर्को वृहत्तम् अलौकिक महानिकायका अंश हुन्। प्राचीन ग्रिसेली परम्परामा गेअ भन्नाले पकृति सञ्चालित पृथ्वीका देवी-देवता भन्ने बुझिन्थ्यो। जैव व्यवस्थामा आफैलाई प्रकृतिसँग सन्तुलित बनाई राख्ने प्रवृत्ति हुँदछ। त्यसका साथै कालअनुरूप आफ्नो संरचनालाई स्वाभाविक विकास गर्दछ। वैज्ञानिकहरूको अनुसन्धानबाट प्रकृतिमा पनि यसप्रकारको प्रवृत्ति हुन्छ भन्ने निष्कर्ष निकालेका छन्।[१०] जसअनुसार प्रकृतिले आफैलाई सन्तुलन बनाई राख्नमा अक्सिजनको मात्रा, तापमान, ऋतु परिवर्तन आदिलाई व्यवस्थित प्रकारले सञ्चालन गर्छ। फलस्वरूप मानव शरीरले पनि शारीरिक तापमान, प्राणवायु आदिलाई धमनीद्वारा सन्तुलित बनाइराख्छ।

---

९. http:\\www.deep ecology.org

१०. http:\\www.gaiatheory.org

यो मानवद्धारा नैसर्गिक रूपमा गरिने प्रकृतिको अनुकृति हो। प्रदूषित पर्यावरण, प्राकृतिक सम्पदाको विनाशजस्ता गम्भीर समस्याप्रति चिन्ता व्यक्त गर्ने गहन पारिस्थितिकी मूलतः आध्यात्मिक दृष्टिकोणमा आधारित छ। त्यसैले यसलाई डिप इकोलजीसँगै होलिस्टिक इकोलजी पनि भनिन्छ। यस सिद्धान्तले भावना, अभौमिकता अनि कर्मद्धारा प्रकृतिको समस्यालाई समाधान गर्ने प्रयत्न गरिन्छ साथै व्यष्टिवाददेखि समष्टिवाद तर्फको विस्तारतालाई प्रोत्साहन पनि दिन्छ।

प्रो. लेन् ह्वाइटअनुसार पश्चिमका इसाईहरूले मानव अनि प्रकृतिलाई अलग गराएर द्वैतवाद सुरु गरे। पुराना धार्मिक विश्वासीहरू रुख, हावा, पानी, पशु आदिमा ईश्वरीय वास भएको देख्तथे। तर आधुनिक इसाई मतले यस विश्वासलाई विपरीत बनाई दिए अनि प्रकृतिलाई निजी स्वार्थसिद्धि हेतु प्रयोग गर्न थाले। फलस्वरूप दिन-दिनै प्रकृति चरम मानव उपयोगका साधन बन्दै गयो। प्रकृतिप्रतिको यस्तै शोषणको विरोधमा ग्रिनपिसजस्ता पारिस्थितिकी आन्दोलन सुरु भयो। पर्यावरणीय संरक्षणका लागि यसप्रकारका आन्दोलनहरू विगत चार-पाँच दशकदेखि निरन्तर रूपमा चल्दै आइरहेका देखिन्छन्

दुई-चार दशकदेखि पर्यावरणप्रति चिन्तित हुने पाश्चात्य देशका विद्वान्हरू भन्दा हजारौं वर्षअघिका वैदिक ऋषिमुनहरू प्रकृतिप्रति अधिक सचेत थिए। सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक सबै प्रकारका विषयका लागि उनीहरू प्रकृतिमाथि आश्रित रहन्थे। तत्कालीन साहित्यमा प्रकृतिप्रति प्रेम, सम्मान, संरक्षणको भावका साथै पारिस्थितिक प्रणालीमाथि विशेष आस्था रहेको देखिन्छ। हजारौं वर्षअघि लेखिएका वैदिक ग्रन्थहरूमा प्रकृति नै मुख्य विषय रहेको पाइन्छ। प्रकृतिबारे मानिसमा हुनुपर्ने सचेतता अनि यसको महत्त्वलाई वैदिक वाङ्मयमायथेष्ट सूक्ष्म रूपमा अङ्कित गरिएको छ। श्रीमद्भागवत् गीतामा प्रकृति अनि मानवको पारिस्थितिक सम्बन्धलाई यसप्रकारले वर्णन गरिएको छ-

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः।। ३/४

अर्थात्, सम्पूर्ण प्राणी अन्नबाट उत्पन्न हुँदछ अनि अन्नको उत्पति वर्षाबाट हुँदछ। त्यसैले यज्ञ गर्नाले वर्षा हुन्छ अनि यज्ञ विहित कार्यद्धारा हुँदछ। यसरी वैदिक वाङ्गमयहरूमा प्रकृति अनि मानव पारिस्थितिक सम्बन्धलाई वर्णन गरिएको पाइन्छ।

वैदिक परम्परा अथवा हिन्दू जीवन शैलीमा प्रकृतिलाई ठुलो महत्त्व दिइन्छ। हिन्दू विश्वासमा पर्यावरण वा प्रकृतिको संरक्षण गर्नुपर्ने धारणा आधुनिक मात्र होइन। आजको आधुनिक समाज निर्माण हुनुभन्दा धेरै वर्षअघिको प्रागौतिहासिक कालदेखि नै ऋषि-

महर्षिहरूले प्रकृतिलाई पूज्य र वन्दनीय मानेर त्यसको रक्षा गर्दै आइरहेका थिए। अतः वैदिक संस्कारमा प्रकृति पूजनलाई सर्वाधिक महत्त्व दिइएको छ। मानवले मानवेतर वस्तुहरू साथै खोला-नाला वन-जङ्गल आदिसँग समन्वय राखेर नियमित रूपले सृष्टि सञ्चालनमा प्रकृतिलाई सहयोग गरिरहेको हुन्छ।

## ४. ऋतुविचार अनि पर्यावरण

लेखनाथ पौड्यालको **ऋतुविचार** खण्डकाव्य प्रकाशित हुनअघि **माधवी** पत्रिका (सन् १९०८) मा ४८ पद्यको **वर्षाविचार** छापिएको देखिन्छ। त्यसको आठ वर्षपछि सन् १९१६ मा **वर्षाविचार**सँगै अरु पाँचवटा ऋतु विषयक कविताहरूलाई पनि थपेर सिङ्गो खण्डकाव्य **ऋतुविचार** प्रकाशित भएको हो। त्यसपछि सन् १९३५ मा परिमार्जित, संशोधित रूपमा यसको दोस्रो संस्करण छापिएको देखिन्छ। **ऋतुविचार** खण्डकाव्यमा लेखनाथ पौड्यालको प्रकृति चेतना र चिन्तन व्यञ्जित भएको छ। समालोचक त्रिपाठीले यस खण्डकाव्यलाई प्रकृतिकाव्य भनेका छन् साथै यस काव्यमा नैतिक-आध्यात्मिक प्रतिच्छाविसहित लेखनाथको सूक्ष्म प्रकृति-पर्यवेक्षण प्रकट भएको छ भन्ने विचार पनि व्यक्त गरेका छन्।[११]

ऋतुविचार खण्डकाव्यमा कविले प्रकृतिको विविध रूपको काव्यात्मक वर्णन गरेका छन्। प्रकृतिको वर्णनसँगै प्रकृतिमा हुने परिवर्तन अनि त्यसका कारणहरूको पनि सूक्ष्म अवलोकन गरेका छन्। ऋतुहरूमाथि चिन्तन गरिएको यस खण्डकाव्यमा ऋतुचक्रसँगै मानवीय जीवन पनि सञ्चालित भइरहेको हुन्छ र मान्छे जैवकेन्द्री परिवेश र परिस्थिति चक्रमा घुमिरहेको हुन्छ भन्ने भाव व्यक्त गरिएको छ। कविले पर्यावरण प्रदूषित हुँदै गएको अनि ऋतुचक्रमा पनि प्रदूषणले प्रभाव पारेको देखाएका छन्। कवि भन्छन् -

दीपका बीचमा मैलो धुवाँ झैं गुप्त भैकन।
अली अली चढेको छ दिनमा धमिलो-पन।। वसन्त विचार २१

उन्नाइसौं शताब्दीदेखि प्रायः सम्पूर्ण देशहरूले प्रगतिको मार्गमा पाइला राख्न थाले। औपनिवेशिक देशहरूमा पनि औद्योगिकीकरण सुरु भइसकेको हुनाले वायुमण्डल विस्तारै प्रदूषित हुनथालेको कविले निश्चय नै अनुमान गरिसकेका थिए। धुवाँ-धुलोले अर्थात् तुवाँलोले परिवेशमा ल्याएको धमिलोपनले देखेर वसन्तको सौन्दर्य वर्णन गर्ने क्रममा

११. वासुदेव त्रिपाठी (सम्पा.), **लेखनाथका प्रमुख कविता**, पृ. क।

कवि भन्छन् -

ऋतु-नायकले घाम मन्दै गर्ने लिई सुर।
तुवाँलाको मिहीं पर्दा लगायोकि? सबै-तिर।। वसन्त विचार २३

प्रकृति अनि मानव एक अर्काका परिपूरक हुन्। अतः दुवैको पारस्परिक सम्बन्धले नै सृष्टिचक्र आफ्नो गतिक्रममा चलिरहेको हुन्छ। मानवले गरेका प्रकृतिप्रतिको प्रतिकूल कार्यहरुबाट पर्यावरणमा व्यापक प्रभाव परिरहेको छ। त्यसैले आफैलाई केन्द्र गरी सृष्टिलाई नियन्त्रण गर्नु खोज्ने मानिसको नृकेन्द्री विचार परिहार्य छ। प्रकृतिका प्रत्येक विषय-वस्तु आदिले मानवीय जीवनमा सहयोग पुऱ्याइरहेका हुन्छन्। वस्तुतः सन्तुलित गतिविधिपूर्वक मान्छेले पनि प्रकृतिलाई समानुपातिक सहयोग पुऱ्याउनु अपेक्षित छ अनि प्राकृतिक वस्तुहरुले पनि यसैतर्फ सङ्केत गरिरहेका हुन्छन्।

गाम वेंसी गरु लम्बा विचरा ती चरा सव।
जीवन-क्रमको शिक्षा स्पष्ट दिन्छन् सगौरव।। वसन्त विचार ९५

**ऋतुविचार**मा कविले ऋतुचक्रलाई मानवीय संस्कृति अनि जीवनसँग तुलना गर्दै सर्वेक्षण गरेका छन् साथै जीवन अनि प्रकृतिका सारगर्भित रहस्यहरुको उद्घाटन पनि गरेका छन्। वैश्विक उष्मायणले पर्यावरणमा भइरहेको असन्तुलनका साथै ऋतुचक्रमा फेरबदल भइरहेको तथ्यतर्फ कविले सङ्केतीकरण गरेको पाइन्छ। ग्रीष्म, वर्षा, वसन्त बेग्ला-बेग्लै लाग्न थालेको छ। फुल फुल्ने ऋतुमा डढेलो लाग्दैगरेको हुन्छ अनि जाडाले कठ्याङ्ग्रिने समयमा ढकमक्क फुल फुलिरहेको देखिन्छ। यसरी अस्वाभाविक ऋतु परिवर्तनबाट हाम्रो समाज, संस्कृति आदिमा पनि प्रभाव परिरहेको छ। हुन ता ऋतुविचारमा कविले प्रत्येक ऋतुहरुको कार्य अनि परिवर्तनका स्वाभाविक घटनाहरुबारे चिन्तन गरेका छन् तर त्यसमा पनि परिवर्तनका सङ्केतहरु पनि नपाइने होइन। प्रदूषित पर्यावरणले समाज, संस्कृति अनि जीवनलाई प्रभाव परेका तथ्यहरु **ऋतुविचार**मा पाइन्छ। प्रकृतिमा हरेक कुरा अप्रत्यक्ष रुपमा विस्तारै परिवर्तन भइरहेको हुन्छ अनि त्यही परिवर्तनले अवश्यै भविष्यका लागि दुष्परिणामहरु बोकेर आउने सम्भावित लक्षणहरु **ऋतुविचार**मा व्यक्त छ।

जल शुक्तै गयो सारा पृथ्वीबाट घरी-घरी।
कराल कलिले गर्दा धर्मको महिमा सरी।। ग्रीष्म विचार १६

पहिले वन गर्मीले उसिलेको समान छ।
डढेलो उसमा फेरी दुःखको के बयान छ?।। ग्रीष्म विचार ६७

मानवीय क्रियाकलापद्वारा नै प्राकृतिक वातावरणमा परिवर्तन भएको प्रत्यक्ष छ। यो

महाविनाशको प्रत्यक्ष सङ्केत हो। अतः प्रकृतिको विनाश नै मानव सभ्यताको पनि विनाश हो।[१२] सहरीकरणले अब गाउँ-घरका प्राकृतिक स्रोतहरु सखिँदै गए। वन-जङ्गल विनाश हुँदै गयो, डढेलोले पलाउँदै गरेका बिरुवाहरु पनि नाश हुनथाले।विज्ञानको प्रगति मानवका लागि लाभदायक भए तापनि प्रकृतिको लागि चिन्तादायक प्रतीत भएको छ। **ऋतुविचार**मा लेखनाथले यी विषयहरुको सूक्ष्म अवलोकन गरी वस्तुनिष्ठ मननयोग्य विचारलाई प्रस्तुत गरेका छन् -

खेतमा खेतिवालाका रमणी-जन हालमा।
पैह्रन्छन् पसिना-रुप मुक्ता-भूषण भालमा।। ग्रीष्म विचार ६५

डढेलोले निल्यो झट्टै झार, पात, दुवै-थरी।
कर्म सञ्चित आगामी विज्ञान-ज्योतिले सरी।। ग्रीष्म विचार ७१।

## ४.१ ऋतुविचार खण्डकाव्य अनि पारिस्थितिकी

'इकोलजी' शब्द ग्रिसेली 'ओइकस'(*oikos)* शब्दमा 'लजी' (*logy*) प्रत्यय जोडिएर बनिएको शब्द हो। जसमा ओइकसको अर्थ घर-गृहस्थी, कुटुम्ब, परिवार भन्ने बुझिन्छ भने लजी शब्दले अध्ययन गर्नु भन्ने बुझिन्छ। यसैले 'इकोलजी' शब्दको व्युत्पतिगत अर्थ पृथ्वीमा भएका जीव, निर्जीव सम्पूर्ण वस्तु, प्राणीहरुको कुटुम्बगत वा पारिवारिक अध्ययन गर्नु भन्ने बुझिन्छ।[१३] यसैलाई नेपालीमा पारिस्थितिकी वा परिस्थितिविज्ञान भनिन्छ। **ऋतुविचार** खण्डकाव्यमा पारिस्थितिक चिन्तनको व्यापक दर्शन पाइन्छ। तत्त्व वेत्ताका रुपमा लेखनाथले दत्तचित्त भएर मानव अनि प्रकृतिको आन्तरिक सम्बन्धलाई ऋतुचक्रमा समावेश गरी चिन्तन गरेका छन्। प्राकृतिक परिवर्तन अनि मानवीय हस्तक्षेपबाट भएको परिवर्तनबाट हुने प्रभावलाई यस खण्डकाव्यमा तारतम्य पूर्ण ढङ्गमा प्रस्तुत गरिएको छ।

प्रत्येक पुष्पको रुप, रेखा, रङ्ग अनेक छ।
तर सौन्दर्यको ज्योति उनमा भिन्न एक छ।। वसन्तविचार २८

---

१२. Arun Agarwal, **Environmentality**, New Delhi : Oxford University Press, 2006, p. 215.

१३. Eugene P. Odum, **Ecology : A bridge between Science and Society,** USA: Sundarland Massachusetts, p. 13.

वस्तुको बाहिरी गुण, रूप, रङ्ग आदि विभिन्न भए तापनि त्यसभित्र निहित जीवन-सौन्दर्यको ज्योति भने सबैमा समान रूपले रहेको छ। यो प्रकृतिको गहन रहस्य र अनुपम कला नै हो। प्रकृतिले मानवीय सम्वेदना अनि मानसिकतालाई पनि आफ्नो प्रभावमा राख्दछ। मान्छेले नै प्रकृतिको काखमा निर्धक्कसँग आनन्द उठाउँछ तर फेरि त्यही प्रकृतिको खती पनि गरिराखेको हुन्छ। विवेकशील प्राणी भनिए तापनि मानिस प्रकृतिद्वारा नै निर्मित भएको हुनाले यसैमा आश्रित हुनु उसको नैसर्गिक बाध्यता हो। ऊ प्रकृतिभन्दा माथि र त्यसबाट मुक्त हुनसक्तैन। त्यसैले मानिस प्रकृतिको सूक्ष्म निकाय मात्रै हो।

विश्राम गर्छन् निर्धक्क बटुवा वृक्षका मनी।<br>
आडमा योग्य राजाको दुनियाँ झैं सुखी बनी। ग्रीष्म विचार १५

ऋतुविचारमा लेखनाथले आफूलाई केन्द्रीय सत्ता मानी प्रकृतिलाई आफ्नो उपभोगका निम्ति बनेको साधन मात्र ठान्ने मानिसको नृकेन्द्री जीवन-दृष्टि र सिद्धान्तको विरोध गरेका छन्। प्रकृतिका जीव, वनस्पतिहरूसँग हामी जीवनका अधिकांश समय बिताउँछौं, त्यसैले यो प्रकृति मानवका लागि मात्रै होइन, मानवेत्तर पशुप्राणी, वनस्पति आदिको पनि यसमा उत्तिकै अधिकार छ। जन्मदेखि मृत्युसम्ममा पनि मानिसले प्रकृतिलाई कुनै यस्तो वस्तु बनाएर दिन सक्तैन जसले प्राकृतिक कार्यहरूमा सहयोग पुग्दछ। तर प्रकृतिको हरेक विषय-वस्तुहरूको उपभोग मानिसहरूले गरिरहेका हुन्छन्। त्यसैले मानिस उपजीवी हो, उपभोक्ता हो। प्रकृतिबाट उपकृत भएर नै उसको अस्तित्व बाँचेको छ। वस्तुतः प्रकृतिमा केन्द्रित भई मानव अनि मानवेत्तर वस्तुहरू जीवन चक्रमा परिक्रमा गरिरहेका हुन्छन् साथै एक-अर्काका परिपूरक बनी सृष्टि सञ्चालनमा सहायक भूमिका निर्वाह गरिरहेको हुन्छ। मानिसले सुख-दुख प्रकृतिमा नै निर्भर रहेका हुन्छन्। कवि लेख्छन्-

खेतमा जलका धारा वर्षदा-खेरि बाहिर।<br>
उर्लन्छ खेतिवालाका मनमा सुख-सागर। वर्षविचार ७८<br>
अँध्यारो मुख लायेर मेघ लत्र्यो जती जती।<br>
उज्यालो खेतिवालाको चित हुन्छ उती-उती। वर्षविचार ९२

यसरी प्रकृतिले मानवको मात्रै नभएर आफ्नो परिधिभित्र पर्ने सबै वस्तुहरूको मङ्गल गर्दछ। मानिसबाट पनि आफ्नो अनुकूल व्यवहारको अपेक्षा राख्दछ। आफ्ना अनुकूल वातावरणमा पशु-प्राणी र वनस्पतिले प्राकृतिक कार्यहरूको संयोजनमा सहयोग गरिरहेका हुन्छन्। यसरी मानव, मानवेतर जीव अनि वनस्पति आदिको संयोजनात्मक

कार्यको फलस्वरूप पारिस्थितिक प्रणाली सन्तुलित ढङ्गमा चलिरहेको हुन्छ भने वसन्तदेखि शिशिर ऋतुसम्म चल्ने प्राकृतिक परिवर्तनले मानवीय अनि मानवेतर जीवनमा परिवर्तन ल्याइरहेको हुन्छ। यसरी हेर्दा प्रकृति नै एउटा विशाल पारिस्थितिक प्रणालीको रूपमा देखिन्छ।

## ४.२ ऋतुविचार अनि गहन पारिस्थितिकी

मूलतः ऋतुविचार खण्डकाव्यमा प्रकृति र मानवको गुह्य सम्बन्धको अध्ययन गरिएको छ। मानव प्रकृतिको सूक्ष्म निकाय हो अनि प्रकृतिको विशालता उसका निम्ति अगम्य छ। यसको आफ्नै आन्तरिक मूल्य छ। ऋतुविचारमा मानवलाई स्थूल जगत्का कृत्रिम कुराहरूलाई नलिएर प्राकृतिकता र हृदयग्राहितातिर उन्मुख बन्ने साझा सन्देशहरु छन्। गहन पारिस्थितिक आलोचकहरु भन्छन्, मानवले प्रकृतिलाई छुने कुनै अधिकार छैन। न त प्रकृतिलाई माया गर्ने अधिकार छ न त्यसको विनाश गर्ने नै अधिकार छ। प्रकृति छुट्टै विराट् र विशिष्ट सत्ताको निकाय हो अनि मानव प्रकृतिभित्रको अझ सूक्ष्म निकाय हो। त्यसैले मानव प्रकृतिकेन्द्री रहेर कृतार्थ भएको हुन्छ।[१४]

लोकोपकारमा जत्ती खर्चन्छ जल-सम्पत्ति।
उती उज्यालो देखिन्छ मेघको वदन-द्युति।।वर्षाविचार ६५

लोकोपकारमा सुम्प्यो मेघले सव जीवन
सबै यस्तै भये देखि दुःख हुन्थ्यो हरे! कनि? वर्षाविचार १००

प्रकृतिको सम्बन्ध अनादि र अनन्त सत्तासँग छ। वैदिक महर्षिहरुलाई यसको ज्ञान थियो। उनीहरु प्रकृतिको महिमा अपारलाई जान्दथे। प्रकृति अनि पारिस्थितिकी सापेक्ष ज्ञानलाई नै वास्तविक चिन्तन मान्दथे। प्रकृतिको काखमा नै काव्य सिर्जना भयो अनि त्यसलाई पात, छाला, ढुङ्गा आदि प्रकृति प्रदत्त वस्तुमा नै लिपिबद्ध गरियो। महाज्ञानी पण्डित आदिले पनि मोक्षका ज्ञान प्रकृतिकै आश्रयमा पाए। प्रकृति जीवनको कारण, कारक र कार्यतत्त्व समेत हो भन्ने रहस्य पत्तो लगाए। लेखनाथले यसै सत्यतर्फ यसरी सङ्केत गरेका छन्-

---

१४. Greg Garrard, **Ecocriticism**, London: Routledge (Indian Edition), 2007, p. 22.

ऋषि झैं गरदै शुद्ध मञ्जरीमय भोजन।
रातैमा कोइली लाग्यो स्वर्गीय सुर साधन।।                वसन्त विचार ६७

अघीका वेद-विज्ञात ऋषिको झैं मनोहर।
लाखौं चराचुरुङ्गीको सुनिन्छ मधुर स्वर।।                वसन्त विचार ७४

यस काव्यमा ग्रीष्मऋतुको जुन बिम्ब आँखाअघि आउँछ त्यो अब आउने समयमा सारा ऋतुहरूको साझा अनुहारको सङ्केतक स्वरुप छ। त्यसैले सम्पूर्ण वस्तु आदि नष्ट भएर हुने चकमन्नता, शून्यता पनि शान्ति नै हो तर त्यस शान्तिलाई मृत शान्ति भनिन्छ। हाम्रा भावी सन्ततीले यही मृत शान्तिको वातावरण पाउने छन् सजीव शान्ति वा प्रकृतिको स्मृतिसम्म पनि उनीहरूले पाउन गाह्रो छ। यसैकारणले गर्दा मानवले अब लोभ अनि लालचको भावनालाई त्यागेर प्रकृतिप्रतिको आफ्नो जिम्मेवारीलाई पुरा गर्ने ज्ञानमय भावनालाई उद्दीप्त गर्नुपर्दछ। पर्यावरणप्रति मानवले आत्मालोचन गर्नुपर्दछ।

नष्ट भो घामले गर्दा हवाको शीतलो-पन।
रहन्थ्यो क्रोधका साथ दयाका आँकुरो किन?।।      'ग्रीष्म विचार' २६

पृथिवी-भर गर्मीको प्रवाहकन चाँजने।
कुला-तुल्य ठुला रस्ता ताता भत्भति पोलने।।      'ग्रीष्म विचार' ३५

विचरा बीच बाटाको जल शून्य कुवाकन।
थाले पुलुक्क हेरेर आँशुले पूर्ण पारन।।      'ग्रीष्म विचार' ३९

गहन पारिस्थितिकी पूर्णरूपले जैवेकेन्द्री सिद्धान्त हो, मानवको नृतकेन्द्री भावना भ्रमित कल्पना हो। प्रकृतिमा मानव अनि मानवेतर जीवन कसरी सम्पन्न भइरहेको छ? कुन रहस्यले सम्पूर्ण विषयलाई समन्वित बनाएर राखेको छ? भन्ने जस्ता गहन पारिस्थितिकी प्रश्नहरूको उत्तर **ऋतुविचार**मा देखिन्छ। लेखनाथले प्रकृतिको कारण तत्त्वलाई ज्ञानगम्य गरेका छन् प्रकृति अनि मानवको अन्तःचक्रलाई देखाएका छन् -

माधुर्य-सिन्धुको यौटा उलैंदो लहरी-मय।
त्यो दिव्य स्वरले गर्छ सारा हृदय तन्मय।।      वसन्त विचार ६८
अदना त्यो चरीलाई त्यो स्वर्गीय सगीगम।
सघाउने विधाताको धन्य हो त्यो परिश्रम।      वसन्त विचार ६९

उचित प्राकृतिक पर्यावरणबिना मानवको अस्तित्व गहिरो सङ्कटमा पर्नेछ। त्यसबाट निस्तारका निम्ति परिवेश-विमर्श एउटा नयाँ चिन्तनको बाटो हो। यस अन्तर्गत गहन पारिस्थितिकी आज मानवीय क्रिया-कलापद्धारा क्षतिग्रस्त प्रकृति अनि मानव निर्मित विभीषिकाले गर्दा अस्तायमान देखिँदो मानव अस्तित्वलाई बचाउँनका लागि पर्यावरणकेन्द्रित विचारलाई अग्रभूमिमा ल्याउने एउटा प्रमुख उपायका रुपमा प्रतिपादित छ। **ऋतुविचार**मा लेखनाथ पौड्यालले प्रकृतिको अन्तःकरणलाई चियाउने प्रयास गरेका छन्। अनेकौं रहस्यले परिपूर्ण प्रकृतिको गर्भमा उत्रनु गाह्रो कुरा हो। यस खण्डकाव्यमा कविको दूरदर्शिताले मानवद्धारा विध्वंस हुनलागेको प्रकृतिको पुनर्निर्माणका लागि उपयोगी दिग्दर्शन प्रस्तुत गरेका छन्।

पारिस्थितिकीले प्रकृति, मानव अनि मानवेतर वस्तुहरुको चक्रलाई विश्लेषण गर्दछ। यसो गरेर यसले यिनीहरुको एक अर्कामाथिको निर्भरता र आवश्यकताहरुको जीवबैज्ञानिक अध्ययन गर्दछ। वस्तुतः यसै पारिस्थितिक चक्रलाई अझ गहिरोसँग अध्ययन गर्ने प्रणाली नै वास्तवमा गहन पारिस्थितिकी हो। **ऋतुविचार**मा वसन्तदेखि शिशिरसम्मको ऋतुचक्रको चित्रण वस्तुतः पारिस्थितिक चेतनाको प्रस्तुति हो अनि यस ऋतुचक्रदवारा हुने जीवनचक्रको परिवर्तन र समाज, संस्कृति अनि धर्म आदिमा परेको प्रभावबारे गरिने अध्ययन र लाक्षणिक प्रस्तुति गहन पारिस्थितिकीय प्रस्तुति हो। प्राकृतिक क्रियाअनुसार पानी पर्छ खेत सिञ्चित हुन्छ, त्यसको खन-जौत हुन्छ, अन्न पाक्छ अनि त्यसले मानिसको जीवन चल्छ। यो स्थूल चक्र हो। यसभन्दा अलि गहिरो रुपमा हेर्दा वर्षाऋतुले खेत सिञ्चित हुन्छ, खेतमा बिउ रोपिन्छ र अन्न पाक्छ तर त्यस खेतमा अन्नबाली खाने मुसा, भ्यागुता, किरा-फट्याङ्ग्रा, चरा, गाई सबै नै हुन्छन्। मानवसँगसँगै त्यहाँ प्रकृतिले अरु मानवेतर प्राणीहरुलाई पनि पारिस्थितिक प्रणालीअनुरुप घुमाइरहेको हुन्छ। अब यसभन्दा अझै गहिराइमा चिन्तन गर्दा, वसन्तमा नै फुल किन फुल्दछ? वर्षामा मात्रै पानी किन पर्दछ? शिशिरमा मात्रै जाडो किन हुन्छ? कुन त्यस्तो निकायले यस्तो परिवृत्तीय सिर्जना गर्दछ? भन्ने जस्ता प्रश्नहरु उठ्तछन् अनि गहन पारिस्थितिकीमा उत्तरभन्दा प्रश्नहरु अधिक गहकिला भएर गहिरिँदै जान्छन्। **ऋतुविचार**मा मानवीय सत्तादेखि पर प्रकृति अनि प्रकृतिभन्दा वृहत्तर सत्ताले नै जगत् सञ्चालन गरेको देखाइएको छ। कविका शब्दमा -

बेगिन्ती पुष्पका भेद बेगिन्ती रुप वासना।
एकै प्रवाहमा चल्छन् धन्य हो विधि-कल्पना।। वसन्त विचार ३१

लिई सौन्दर्य माधुर्य सौकुमार्थ थपी वहाँ।
पुष्पको सिर्जना गर्ने विधाता धन्य हो अहा।। वसन्त विचार ३७

## ५. निष्कर्ष

**ऋतुविचार** खण्डकाव्यले मानवलाई मनोवैज्ञानिक तहमा प्रकृतिको नजिक ल्याउने प्रयास गरेको छ अनि ऋतुहरुमा हुँदैगरेको अस्वाभाविक परिवर्तनमा सचेत हुने र एकबद्ध हुने प्रेरणात्मक कार्य गरेको छ। **ऋतुविचार**ले प्रकृतिको हरियो विचारलाई खोज्ने प्रयास गरेको छ। यस खण्डकाव्यमा नारी अनि प्रकृतिको निकटस्थ सम्बन्धलाई पनि निरीक्षण गरिएको छ। नारीवादले नारी उन्मुक्तिको आवाज लिएर अघि बढिरहेको छ भने पारिस्थितिक नारीवाद (इकोफेमेनिज्म)-ले नारी अनि प्रकृतिको भावनात्मक र निकटस्थ सम्बन्ध रहेको तथ्यलाई उद्घाटन गरेको छ। लेखनाथको **ऋतुविचार**मा नारीलाई प्रकृतिका निकटमा राखिएको छ। प्रकृति अनि नारीलाई एक-अर्काका पर्यायका रुपमा हेरिएका छन्।

पृथिवी छन् शुगा-रङ्गी पिपिराहरूले गरी।
हरियो रेशमा सारी लायेकी प्रमदा सरी।। वसन्त विचार २५

परिवेश-विमर्शमै मुख्य रुपले केन्द्रित रहेको **ऋतुविचार** खण्डकाव्यले वस्तुत: परिस्थितिवैज्ञानिक अध्ययनको अपेक्षा राख्तछ। मानिसको आफ्नो जीवनप्रतिको जुन मोह छ, आफ्नो अस्तित्वप्रति जुन आग्रह छ त्यसलाई सदैव अखण्ड र अक्षुण्ण राख्ने हो भने प्रकृतिको संरक्षण, प्रकृति प्रेम र पर्यावरणप्रतिको जागरुकता अत्यन्तै महत्त्वपूर्ण विषय हो। स्वच्छ प्रकृति र परिवेशमा उत्तम जीवन निर्वाह गर्नसकिन्छ। लेखनाथीय **ऋतुविचार**मा जिजीविषाका पाटाहरुको उद्घाटन छ। यस खण्डकाव्यमा पृथ्वीमा प्रकृतिको महत्त्वको उद्घाटनसँगसँगै कविको परिवेश-दर्शन (इकोसफी) पनि रुपायित हुनआएको छ।

□